आज मिति २०७७०३।०८ गते सोमबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादवज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवीबनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र विभिन्न समयमा आर्थिक सहयोग माग गर्नका लागि विभिन्न व्यक्तिहरुबाट प्राप्त निवेदनहरुमा तपसिल बमोजीम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. वडा नं. ४ का श्री नवल पासवानलाई रु. २०,०००।०० (अक्षरेपी रुपैयाँ बीस हजार मात्र)

२. वडा नं. ५ का रामचन्द्र सहनीलाई रु. २५,०००।०० (अक्षरेपी रुपैयाँ पच्चिस हजार मात्र)

यसका साथै यस नगरपालिकाको वडा नं. ६ को श्री मा. बि. माधोपुरमा संचालनमा रहेको क्वारेन्टाईनको छतबाट लडेका वडा नं. ८ पिप्रा रजवाडाका श्री मोहम्मद आफताव पानीटंकी-८, विरगंजस्थित एल.एस न्यूरो एण्ड जेनेरल हस्पिटलमा उपचाररत रहेको तथा नीजको उपचार बापत लागेको खर्च रु. २,३१,२४०।०० (अक्षरेपी रुपैयाँ दुई लाख एकतीस हजार दुई सय चालीस मात्र) एल.एस न्यूरो एण्ड जेनेरल हस्पिटललाई भुक्तानी दिएको खर्च अनुमोदन गर्ने तथा अस्पताल रहँदाको प्रारम्भिक उपचारको खर्च तथा व्यक्तिगत खर्च नीज वा नीजको परिवारबाट पेश भए पश्चात नीज वा नीजको परिवारको व्यक्तिलाई बिल बमोजीमको रकम सहयोग बापत भुक्तानी दिने निर्णय गरियो ।

यसका साथै यस नगरपालिकाको वडा नं २, खेसरहियाका जितन बैठाका छोरा मुकेश बैठाले दलित समुदायलाई प्रतिनिधित्व गर्दै एम्.बि.बि.एसमा नाम निकाल्न सफल भएकाले नीजलाई सम्मानका साथ रु. १,११,१११।०० (अक्षरेपी रुपैयाँ एक लाख एघार हजार एक सय एघार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ :

यस माधव नारायण नगरपालिकाको वडा नं ७ पिप्रा रजवाडाको श्री प्रा.वि. पिप्रा रजवाडा ४ कि शिक्षिका कौशल्या देवी यादव मिति २०७६।१०।०२ गत्तेका दिन पक्षघात भई उपचाररत रहेकोले नीजको संचित बिदा कट्टा हुने गरी तेस्रो चौमासिकको तलब भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९) संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि संचालनमा रहेका क्वारेन्टाईनहरुको व्यवस्थापन तथा संचालनको क्रममा तपसिल बमोजीमहरुका संस्था/व्यक्तिहरुलाई बिल बमोजीमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

१. शिवानी किराना पसल

२. उमङ्ग ट्रेडर्स

३. सृष्टि हार्डवेयर एण्ड सप्लायर्स

४. जानकी ट्रेडर्स

Scanned with CamScanner

५. वडा नं. ३, सखुअवा
६. माँ दुर्गा ईलेक्टिक पसल
७. चुकी ईन्टरप्राईजेज
८. गौरव ईम्पेक्स
९. वडा नं. ४ विशुनपूर्वा मानपुर
१०. विश्वनाथ मिश्र
११. छोटेलाल साह
१२. वायरिंग खर्च (डोर हाजीरी)

निर्णय नं. ४ :

यस माधव नारायण नगरपालिका अन्तर्गत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत संचालनमा रहेका तपसिल बमोजीमका योजनाहरु हाल योजना स्थलमा क्वारेन्टाईन संचालनमा रहेकाले निमार्ण कार्य अवरुद्ध भएको हुँदा हाललाई ती योजनाको विनियोजीत रकम सम्बन्धित उपभोक्ता समितिको खातामा पेश्की स्वरुप पठाई ती उपभोक्ता समितिका खाता रोक्का राख्ने र समयानुकुल कार्य सम्पन्न भएपछि फुकुवा गरी भुक्तानी दिनका लागि यस नगरपालिकाका योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।
निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको विवरण | विनियोजीत रकम रु. | सञ्चालन हुने वडा नं. |
|---|---|---|---|
| १ | श्री देवी मा. वि. सखुअवाको अधुरो भवन निर्माण तथा भगवती मन्दिर मिठुअवाको संरक्षण कार्य | २०,००,०००।०० | ३ |
| २ | श्री मा. वि. माधोपुरको अधुरो भवन निर्माण, माधोपुर स्वास्थ्य चौकिको अधुरो भवन निर्माण तथा माधोपुरकै अधुरो सूर्य मन्दिरको निमार्ण कार्य | २५,००,०००।०० | ६ |

निर्णय नं. ५ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा चालु तथा पुंजीगत खर्च तर्फ राजश्व बाँडफाँड शिर्षकको रकमबाट पारिश्रमिक, प्रोत्साहन भत्ता, ईन्धन, म्याचिङ्ग फण्ड, घर भाडा, आर्थिक सहयोग लगायतका विभिन्न शिर्षकमा रकम अपुग भई भुक्तानी बाँकि रहेको हुँदा वित्तीय समानीकरणबाट संचालन हुने तपसिल बमोजीमका योजना/कार्यक्रमहरुको रकमलाई आवश्यक शिर्षकहरुमा रकमान्तर गर्ने तथा नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क्र.सं. | योजना/कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

निर्णय नं. ६ :

यस माधव नारायण नगरपालिकाको आ.व. ०७६/०७७ को शिक्षा तर्फको सशर्त अनुदानमा शिक्षकहरुको पारिश्रमिक शिर्षकमा रु. ३६,००,०००।०० (अक्षरेपी रुपैयाँ छत्तीस लाख मात्र), शिक्षा सहायक संयोजकको प्रोत्साहन भत्ता वापत रु. ६५,०००।०० (अक्षरेपी रुपैयाँ पैसट्ठी हजार मात्र) तथा पाठ्यपुस्तक शिर्षकमा रु. १९,३४,६३७।०० (अक्षरेपी रुपैयाँ उन्नाईस लाख चौतीस हजार छ सय सैतीस मात्र) बराबरको रकम अपुग रहेको तथा सो अपुग रकम सम्बन्धित निकायमा माग भईसकेको भएतापनि हालसम्म प्राप्त नभएको हुँदा माग गरिएको रकम प्राप्त भए पश्चात सोधभर्ना हुने गरी हाललाई शैक्षिक पहुँच सुनिश्चितता औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम तथा दिवा खाजाका लागि विद्यालयलाई अनुदान शिर्षकबाट फ्रिज भई जाने रकमबाट भुक्तानी दिनका लागि यस नगरपालिकाका शिक्षा शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकामा स्थानीय निकायबाट स्थायी नियुक्ति पाई यस नगरपालिकाको वडा नं. ९, गढो भगवानपुरमा कामकाज गर्दै आएका सहायक स्तर चौथो श्री नरेन्द्र कुमार गुप्ता अनिवार्य अवकाश भएको हुँदा नीजको कामकाजलाई सम्मान गर्दै नीजलाई सम्मान स्वरुप रु. ३,००,०००।०० (अक्षरेपी रुपैयाँ तीन लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७५/०७६ मा यस नगरपालिकाको वडा नं. ६, माधोपुर तथा वडा नं. ४, विशुनपूर्वा मानपुर जोड्ने सडकमा २ (दुई) वटा कल्भर्ट निमार्ण गर्नका लागि रु. ३०,००,०००।०० (अक्षरेपी रुपैयाँ तीस लाख मात्र) विनियोजीत भई काम सम्पन्न भएको तर भुक्तानी हुनु पूर्व नै यस जिल्लामा आएको बाढीबाट दुईमध्ये एक कल्भर्टमा क्षती पुग्न गएकाले भुक्तानी रोकिएका हुँदा यस आ.व. मा सो क्षतीको आंकलन गरी क्षती बाहेकको बाँकि भुक्तानी दिनका लागि यस नगरपालिकाका प्राविधिक शाखा, योजना शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ९ :

जिल्ला समन्वय समितिको कार्यालय, रौतहटको मौज्दात कोषबाट यस नगरपालिकाको वडा नम्बर ५, मिठुअवाको भौतिक सुधार कार्यको लागि छुट्याईएको रकम रु. १३,००,०००।- , नगरपालिकाको रु. ७,३३,४०५।६० तथा उपभोक्ता समितिको तर्फबाट रु. २,२६,०२०।६२ व्यहोर्ने गरि सम्झौता भएको योजना विविध कारणवश सञ्चालन हुन नसकेको हुँदा सोहि रकमबाट यसै नगरपालिका अन्तर्गतको वडा नम्बर ४, विसुनपूर्वा मानपुरमा रहेको श्री माध्यमिक विद्यालय विसुनपूर्वा मानपुरको विद्यालयको भवन निर्माण योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :

यस माधव नारायण नगरपालिकाका वडा नं. २ निवासी श्री हनुमान सहनीले पेश गर्नु भएको आर्थिक सहयोग पाउँ बारेको निवेदन उपर छलफल गर्दा नीजलाई रु. १,००,०००।०० (अक्षरेपी रुपैयाँ एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११ :

यस माधव नारायण नगरपालिकामा नेपाल रेडक्रस सोसाईटि, रौतहट जिल्ला शाखाबाट पेश भएको आर्थिक सहयोग पाउँ बारेको निवेदन उपर छलफल गर्दा सो संस्थालाई रु. ५,००,०००।०० (अक्षरेपी रुपैयाँ पाँच लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ :

यस माधव नारायण नगरपालिकामा नेपाल भारत मैत्री विरांगना अनाथ आश्रम, गौर, रौतहटबाट पेश भएको आर्थिक सहयोग पाउँ बारेको निवेदन उपर छलफल गर्दा सो संस्थालाई रु.५०,०००।०० (अक्षरेपी रुपैयाँ पचास हजार मात्र) बराबरको जिन्सी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ :

यस माधव नारायण नगरपालिकाबाट राहत वितरणका लागि श्री रौशन एण्ड पवन कन्सट्रक्सनसँग मिति २०७६।१२।२३ मा सम्झौता भई कार्यादेश दिईएको भएतापनी सो संस्थाले राहत वितरण जस्तो संवेदनशिल विषयमा समेत समयमा आपुर्ति नगरेको हुँदा मिति २०७७।०१।१६ मा राहत सामाग्री तत्काल व्यवस्थापन गर्नका लागि श्रीमान नगर प्रमुखज्यूबाट सदर गरिएको टिप्पणी र आदेश स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :

यस माधव नारायण नगरपालिकाको सार्वजनिक लेखा समितिको निर्णय अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १५ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७६।०७७ मा विकास निमार्णका विभिन्न कार्यक्रम संचालन गर्नका लागि स्वीकृत भएतापनि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण संचालन हुन नसकेको कारण वर्षाको मौसममा यस नगरपालिका क्षेत्रका विभिन्न बाटोघाटोमा आवतजावत गर्न निकै कष्टकर हुन जाने भएकाले सबै वडाहरुमा आवतजावत सुचारु राख्नका लागि तत्काल मर्मत गर्नुपर्ने बाटोहरु मर्मत गर्नका लागि सम्बन्धित वडाको संचलान नभएको योजनाहरुबाट भुक्तानी हुने गरी अविलम्ब मर्मत गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १६ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७६।०७७ मा विकास निमार्णका विभिन्न कार्यक्रम संचालन गर्नका लागि स्वीकृत भएतापनि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण संचालन हुन नसकेको कारण वर्षाको मौसममा यस नगरपालिका क्षेत्रका विभिन्न बाटोघाटोमा आवतजावत गर्न निकै कष्टकर हुन जाने यथार्थलाई मध्यनजर गर्दै सबै वडाहरुमा मर्मत गर्नुपर्ने बाटोहरु सोही वडाका वडा सदस्य, वडा सचिवहरु मार्फत अमानतमा मर्मत गराउने तथा अन्य केही सडकहरु विविध प्रक्रिया अवलम्बन गरी मर्मत गर्ने निर्णय गरियो ।
यसका साथै आ.व. ०७६।०७७ मा राजश्व बाँडफाँडको सम्पूर्ण रकम उपलब्ध नभएको तथा विभिन्न शिर्षकहरु कट्टा गरि कोरोना रोकथाममा रकमान्तर गरिएको हुँदा यस आ.व.मा राजश्व बाँडफाँडबाट भुक्तानी हुने विभिन्न शिर्षकहरुको भुक्तानीमा समस्या देखिन आएकाले सो कार्यका लागि यस आ.व.मा भुक्तानी गर्नका निमित्त रकम उपलब्ध भएको जुनसुकै शिर्षकबाट रकमान्तर तथा भुक्तानी दिनका लागि यस कार्यालयका लेखापाल तथा प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १७ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७४।०७५ देखि स्थानीय स्तरका सडक पुल मर्मत कार्यक्रम मार्फत संचालनमा रहेको विशुनपूर्वा मानपुर र माधोपुर जोड्ने पुलको उपभोक्ता समितिको प्रत्येक आ.व.को म्याद थप गरि यस आ.व मा सम्पन्न भएको कार्यको भुक्तानी दिनका लागि यस कार्यालयका योजना शाखा प्रमुख, लेखापाल तथा प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १८ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७६।०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम संचालन गर्नका लागि स्वीकृत भएतापनि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण बेरोजगार व्यक्तिहरुलाई यस नगर कार्यपालिकाको मिति २०७७।०२।०५ को निर्णय बमोजीम कोरोना रोकथाम तथा क्वारेन्टाईन संचालनका लागि विविध कार्यहरुमा खटाईएको हुँदा यस आ.व. ०७६।०७७ मा सो कार्यहरुको भुक्तानी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गर्ने तथा कोरोना महामारीका कारण केही बेरोजगार व्यक्तिहरुको खाता नखुलिसकेको अवस्थालाई ध्यानमा राखि नीजहरुको भुक्तानी वडा अध्यक्ष वा वडा सचिव मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.१९ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७७/०७८ को एकिकृत कार्यक्रम तथा बजेट तर्जुमा गर्नका लागि मिति २०७७/०३/०८ मा बसेको एकिकृत कार्यक्रम तथा बजेट तर्जुमा समितिको निर्णय अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २० :

यस रौतहट जिल्लामा नोभेल कोरोना भाईरस (कोभिड-१९) को संक्रमण तीव्र गतीमा बढ्दै गएको र हालै मात्र यस नगरपालिकाको केन्द्र माधोपुरमा समेत समुदाय स्तरमै संक्रमण पत्ता लागेको सन्दर्भमा कोभिड-१९को संक्रमण समुदाय स्तरमै जन जनमा फैलिन नदिन, यसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि मिति २०७७/०३/२० गत्ते राती १२ बजेसम्म यस नगरपालिका क्षेत्र भरी लागु हुने गरी कडाईका साथ पालना गर्ने गराउने गरी तपसिल बमोजीमका निर्णयहरु गरियो ।

१. यस माधव नारायण नगर कार्यपालिकाको कार्यालय, मातहतका सम्पूर्ण वडा कार्यालयहरुको अत्यावश्यक बाहेकका सबै सेवा सञ्चालन बन्द गर्ने ।

२. यस माधव नारायण नगरपालिकाका प्रत्येक टोल तथा वडाहरुलाई सिल गर्ने तथा नगरपालिका क्षेत्रभित्रका धार्मिक स्थलहरु, चोक तथा अन्य सार्वजनिक स्थलहरुमा हुने गरेको जमघट पूर्ण रुपमा बन्द गर्ने ।

३. स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने बाहेकका सबै प्रकारका सार्वजनीक तथा नीजी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने ।

४. शान्ति सुरक्षा, स्वास्थ्य, खानेपानी, एम्बुलेन्स, दमकल, विद्युत, दुग्ध, औषधी, ईन्धन, सञ्चार, फोहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक सेवाहरु बाहेकका अन्य सबै पसल, उद्योग, व्यवसायहरुको सेवा तथा सञ्चालनमा रोक लगाउने तथा दैनिक उपभोग्य वस्तुहरु जस्तै किरानाका सामाग्री, साग सब्जी, तरकारी तथा फलफूल बिक्री गर्ने पसलहरुले सामाजिक दुरी कायम गर्दै भिडभाड नहुने गरी बिहान ७ बजेदेखि ८:३० बजेसम्म तथा बेलुकी ६ बजेदेखि ७ बजेसम्म मात्र सञ्चालन गर्ने ।

५. यस नगरपालिकाको अत्यावश्यक सिफारिस तथा अन्य कार्यहरु वर्क फ्रम होमको अवधारणा अनुरुप अनलाईन माध्ययमबाट मात्र संचालन गर्ने ।

६. उपरोक्तानुसारको निर्णयको अवज्ञा गर्ने, अवहेलना गर्ने वा निर्णय पालना गर्ने गराउने कार्यमा बाधा अवरोध पुऱ्याउने व्यक्तिलाई आवश्यकता अनुसार कडा कानुनी कारवाही गर्ने ।

आज मिति २०७७०३०८ गत्ते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner